मानेभन्ज्याङ गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)
मानेभञ्ज्याङ

प.सं. ०७९/८० (शिक्षा)
च नं १२९४

ओखलढुङ्गा जिल्ला
प्रदेश नं. १, नेपाल
मिति:२०७९/११/०२

## सूचना

चालु शैक्षिक सत्र २०७९ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरुबीच आ–आफ्नो समूहमा गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०७९ अन्तर्गत मानेभन्ज्याङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७९/१०/१५ गतेको निर्णयानुसार मिति २०७९/११/६ गते देखि २०७९/११/८ गतेसम्म भगवती माविको प्राङ्गणमा अन्तर विद्यालय देहायका खेलकुद प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागि हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (चौथो संशोधनसहित) को अनुसूची– १ अनुसारको फाराम भरी रीतपूर्वक आयोजक समक्ष मिति २०७९/११/५ गते दिनको ४:०० बजेभित्र सहभागि खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल :**

**१.भलिबल** : छात्र तथा छात्रा दुवै तर्फ
**२.कबड्डी** : छात्र तथा छात्रा दुवै तर्फ
**३. एथ्लेटिक्स् :**
**क) दौड (ट्र्याक)तर्फ :**
छात्र: १०० मि., ४०० मि.., १५०० मि., ४X १०० मि.रिले,
छात्रा : १०० मि., ४०० मि.., १५०० मि., ४X १०० मि.रिले,
**ख) उफ्ने र फ्याक्ने (फिल्ड) तर्फ :**
छात्र : लङजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड
छात्रा : लङजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

नोट :
१) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्मा १/१ खेलाडीलाई सहभागि गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछ ।
२) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन् ३) चालु शैक्षिक सत्र २०७९ को माध्यमिक विद्यालयको कक्षा १२ मा नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् ।
४) प्रतियोगितामा सहभागि खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागि हुन पाउने छन् ।
५) अन्तराष्ट्रि स्तरको प्रतियोगितामा सहभागि भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागि गराइने छैन ।
६) सहभागि विद्यार्थीको उमेरको विषयमा कुनै बिबाद भएमा नागरिकताको प्रमाण पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को अन्तिम परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ साथै प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिक, २०७०(संशोधनसहित) अनुसार हुनेछ ।

२०७९/११/०२
शम्भु कुमार गौतम
शिक्षा शाखा प्रतिनिधि

web:manebhanjyangmun.gov.np, email:- ito.manebhanjyangmun@gmail.com,
९८४३५९१६५४ / 9843591654